**बैठक संख्याः १४/२०७९/०८०**

**मितिः २०७९/१२/२६**

**समयः दिउँसो १:०० बजे**

**स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

**अन्य**

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १४/०७९-८० मिति २०७९।१२।२६ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**प्रस्तावहरु:**

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १. | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | |
| २. | सेवा प्रवाह समीक्षा सम्बन्धमा | |
| ३. | समपूरक अनुदान प्रस्ताव सम्बन्धमा | |
| ४. | चालु आ.व. को वार्षिक कार्यक्रम संशोधन प्रस्ताव सम्बन्धमा | |
| ५. | तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी विधेयक सम्बन्धमा | |
| ६. | सार्वजनिक निजी साझेदारी सम्बन्धी विधेयक सम्बन्धमा | |
| ७. | यूवा विकास केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि सम्बन्धमा | |
| ८. | रष्टिक स्टोर निर्माण बजेट माग सम्बन्धमा | |
| ९. | आयोजना/कार्यक्रम संकलन तथा प्राथमिकीकरण सम्बन्धमा | |
| १०. | विद्यालय खोल्ने अनुमति तथा कक्षा थप प्रस्ताव सम्बन्धमा | |
| ११. | अस्थायी प्रहरी पोष्ट माग सम्बन्धमा | |
| १२. | गरिबसङ्ग विश्वेश्वर कार्यक्रमतर्फको कार्यक्रम कार्यान्वन साझेदारी सम्बन्धमा | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति : २०७९।१२।२६
पद : प्रमुख प्रशासकीय अधिकृत

**भूमे गाउँपालिका, रुकुम (पूर्व)**

**बैठक सं. १४/०७९-८० मिति २०७९।१२।२६ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब**

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैठक संख्या १३ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा १३ वटा निर्णयहरुमध्ये ८ वटा निर्णय मात्र कार्यान्वियन भएकाले सबै निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने निश्कर्ष निकालियो।

**निर्णय नं. २:**

चालु आर्थिक वर्ष २०७९।०८० को हालसम्म सम्पादित कार्यक्रम र सेवा प्रवाह सम्बन्धमा छलफल तथा समीक्षा गरी देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

**देहाय**

१) कार्यालयको अभिलेख संरक्षण तथा फाइल व्यवस्थापन सम्बन्धी मार्गदर्शन तयार गर्ने ।

२) जनप्रतिनिधि तथा कर्मचारीहरुले पालना गर्ने आचारसंहिता बनाई लागू गर्ने ।

३) आधारभूत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक कार्य वडा तहमै व्यवस्थित गर्ने ।

४) उपभोक्ता समितिहरुबाट भुक्तानी कार्य ढिला भएको गुनासो आएकाले गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट तत्काल अनुगमन गर्ने तथा विषयगत शाखाहरुबाट आवश्यक सहजीकरण गरी भुक्तानी छिटो गर्ने व्यवस्था मिलाउने ।

५) अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन कार्यका लागि सवारी साधन अभाव देखिएकाले चालु आर्थिक वर्षका लागि सवारी साधन भाडामा ल्याउन तथा इन्धन, खाजा खर्च व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था मिलाउने ।

६) आयोजना कार्यक्रम सञ्चालन कार्यान्वयन तथा भुक्तानी प्रक्रिया सम्बन्धी सहजीकरण गर्ने खालको कार्यक्रम सञ्चालन गर्ने ।

७) कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रको कार्यालय हालको कृषि उपज संकलन केन्द्र भूमे २ मा स्थानान्तरण गरी सेवा प्रवाह व्यवस्थित गर्ने ।

**निर्णय नं. ३:**

लुम्बिनी प्रदेश सरकार, प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ बमोजिम आगामी आर्थिक वर्ष २०८०।०८१ मा समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गर्न तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी स्वीकृतिका लागि प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो:

**तपसिल**

| क्र. सं. | आयोजनाको नाम | आयोजना स्थल | कूल लागत अनुमामन | प्रदेश सरकार (समपूरक) | भूमे गापा (समपूरक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कोल्ड स्टोर निर्माण | भूमे - ३ रतुवामारे | ५९४७१९४०।- | २००००००००।- | ~~५२००००००००।-~~ ३५८६९५४०।- | गत आ.व. देखिको क्रमागत आयोजना संशोधित |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति: २०७९/१२/२६
पद: प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४:**

चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रकमान्तर तथा खर्च नियन्त्रण गर्न चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजन विधेयक २०७९ संशोधन प्रस्ताव गाउँसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

भूमे गाउँपालिकाको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी विधेयक, २०७९ गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

भूमे गाउँपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी विधेयक, २०७९ आगामी गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

यूवा विकास केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ (संशोधन प्रस्ताव) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

भूमे गाउँपालिकाद्वारा स्थापित मारिङ कृषि अनुसन्धान केन्द्रमा आलु तथा तरकारी बीउ भण्डारण र संरक्षणका लागि रष्टिक स्टोर अत्यावश्यक देखिएकाले चालु आ.व.मा निर्माण गर्न रष्टिक स्टोर निर्माणका लागि रु. १५०००००।- बजेट व्यवस्थाका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि माग गर्ने आयोजना तथा कार्यक्रमहरु सबै वडा कार्यालय तथा विषयगत शाखाहरुले तयार गरी २०८० बैशाख ३ गतेभित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरी बैशाख ४ गतेभित्र कार्यपालिकाबाट स्वीकृत गरी माग गर्ने निर्णय गरियो ।



निर्णय प्रमाणित गर्नेको,
हस्ताक्षर:
मिति : २०८०।१२।२६
पद : प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १४/०७९-८० मिति २०७९।१२।२६ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. १०:**

भूमे गाउँपालिकाको शिक्षा ऐन, २०७४ तथा भूमे गाउँपालिकाको शिक्षा नियमावली, २०७४ बमोजिम विद्यालय खोल्न तथा कक्षा थप गर्न प्राप्त निवेदन सम्बन्धमा भूमे गाउँ शिक्षा समितिको सिफारिस बमोजिम स्वीकृतिका लागि गाउँ सभासमक्ष पेश गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | विलालयको नाम | प्रस्तावित निर्णय |
|---|---|---|
| १ | श्री प्रोग्रेसिभ इङ्गलिस मिडियम बोर्डिङ स्कुल भूमे १ लुकुम | पूर्व प्राथमिक शिक्षा/बाल विकास कक्षा विद्यालय सञ्चालित विद्यालयका लागि अनुमति दिने |
| २ | श्री बालविकास नाखे भूमे ६ | २०८० सालदेखि कक्षा १ सम्मको विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुमति दिने |

**निर्णय नं. ११:**

भूमे गाउँपालिका वडा नं. ३ मा प्रहरी पोष्ट नजिकमा नहुँदा विगतदेखि विभिन्न समयमा चोरी, लुटपात, डकैटी लगायतका घटना क्रमिक रुपमा घट्ने गरेकाले शान्ति सुरक्षा व्यवस्थापनमा चुनौति देखा परेकाले एस.इ.इ. परीक्षा केन्द्र, वडा नं. ४, वडा नं. ५ र वडा नं. ८ समेतको नजिक पर्ने भएकाले भूमे गाउँपालिका वडा नं. ३ सिमामा प्रहरी पोष्ट स्थापनाका लागि स्थानीयबासी तथा वडा कार्यालयबाट अनुरोध भई आएकोले प्रहरी पोष्ट स्थापनाका लागि अनुरोध गरी पठाउने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. १२:**

गरिबसँग विश्वेश्वर कार्यक्रमद्वारा स्थापित समितिको निर्णय तथा वडा नं. ४ को कार्यालयको सिफारिस बमोजिम विश्वेश्वर कार्यक्रमतर्फको आयोजना कार्यक्रम र स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अल्लो प्रशोधन तथा कपडा बुनाईको लागि भवन निर्माणका लागि विनियोजित बजेटसँग साझेदारीमा सञ्चालन गर्ने निर्णय सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णयमा फरक मतको अभिलेख**

| प्रस्ताव नं. | फरक मत राखे सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| — | — | फरक मत नरहेको। | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति: २०७९।१२।२६
पद: प्रमुख प्रशासकीय अधिकृत